१.. नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ लाई नेपालको संघिय संसदको दुबै सदनले नपालको संविधानको धारा १११ बमोजिम प्रक्रियहरु पुरा गरी पारित गरी प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्षद्धारा प्रमाणिकरण गरी मिति २०७९।४।२९ गते प्रमाणिकरणको लागी पहिलो पटक सम्माननीय राष्ट्रपति समक्ष पेश गर्दा सम्माननीय राष्ट्रपतिबाट सन्देश सहित संघिय संसदको प्रतिनिधिसभा र राष्ट्रियसभामा पुनर्विचारको लागी भनी फिर्ता पठाउनु भएको थियो । सो सन्देश सहितको विधेयकलाई नेपालको प्रतिनिधि सभा र राष्ट्रिय सभाले नमानी पुनः पहिलाकै विधेयकलाई दुबै सदनले हुवहु पारित गरी सम्माननीय राष्ट्रपति समक्ष मिति २०७९।५।२० गते प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्षद्धारा दोश्रो पटक प्रमाणिकरणको लागि पेश गर्दा सम्माननीय राष्ट्रपतिद्धारा सो बिधेयकलाई प्रमाणिकरण गर्ने समय सिमा भित्र नेपालको संविधानको धारा ११३ को उपधारा ४ अनुसार मिति २०७९।६।४ गते राती १२ बजे सम्ममा उक्त नागरिकता बिधेयकलाई प्रमाणिकरण नगरी नेपालको संविधानको धारा ११३(४) को मुलरुपमा घोर उल्लंघन गर्नु भएको छ ।

२. यसरी नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ लाई सम्माननीय राष्ट्रपतिबाट नेपालको दुबै सदनले दुइ\दुइ पटक प्रमाणिकरणको लागी पेश गर्दा समेत सम्माननीय ज्युबाट प्रमाणिकरण नगरिनु आफैमा नागरिकबाट चुनिएको संसदको घोर अपमान हो भने संविधानको उल्लंघन पनि हो । साथै नागरिकताबाट बन्चित लाखौ नेपाली नागरिकहरुको संवैधानिक हक र अधिकार माथि कुठाराघात पनि हो । साथै राष्ट्रको प्रमुखद्धारा संविधानको रक्षा नगर्नु र संविधानको पालन नगर्नुले कानूनी शासन भएको राज्यमा संविधानको घोर उल्लंघन भएको छ ।

३. अतः श्री सम्माननीय राष्ट्रपति विध्यादेवी भण्डारीबाट नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ लाई प्रमाणिकरण नगरी नेपालको संबिधानको धारा १०, ११, १२, १३, १४, १५ १६(१), १८(१), ६६(१), १११ र ११३(४) को गम्भिर उल्लंघन गर्नुभएकोले नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ लाई प्रमाणिकरण नगर्ने कुनै निर्णयहरु

भएको सम्माननीय राष्ट्रपतिबाट भएको रहेछ भने सोसंग सम्बन्धित सम्पुर्ण निर्णयहरुलाई उत्प्रेषणको आदेशले वदर गरी उक्त नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ लाई प्रमाणिकरण गर्न परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ । साथै यो रिटलाई अन्तिम निर्णय गरेर नै टुग्याउनु पर्ने बिषय भएकोले अग्राधिकार सहित निरन्तर सुनुवाइ गरी यो रिटको जारी लगाइ पाउँ ।

संलग्न कागज प्रमाणहरुः

१. बिभिन्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित समाचार थान २

२. नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ थान १

४. हाम्रो तर्फबाट नियुक्त हुनुहुने कानून ब्यबसायहरुको बहस पैरवी,निजहरुले पेशगर्नुहुने कानुन प्रमाण, नजिरहरुलाई यसै रिटनिबेदनको अभिन्न अंग मानि पाऊँ।

५. यो रिट निबेदनको व्यहोरा ठीक साँचो हो झूठा ठहरे कानून बमोजिम सहुँला ।

**<u>रिट निबेदक</u>**

निजः अधिवक्ता डा. सुनिल रंजन सिंह... १

अधिवक्ता सरिता थापा...1

इति सम्बत् २०७९ साल असोज महिना ०५ गते रोज ४ शुभम् ।